छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्



वर्ष २८ •अंक ३१ • २०८३ साल आषाढ ६ गते शनिवार (20 June, Saturday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।-


## निजी विद्यालयमा शुल्कवृद्धि नगर्न आदेश

**टुडे समाचारदाता**

राजविराज । उच्च अदालत जनकपुर, राजविराज इजलासले सप्तरीको राजविराज नगरपालिका अन्तर्गतका संस्थागत तथा गुठी विद्यालयको शुल्क वृद्धि कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको छ।

न्यायाधीश रामबहादुर थापाको एकल इजलासले शुल्क वृद्धि सम्बन्धी निर्णय तत्काल कार्यान्वयन गर्दा विद्यार्थी र अभिभावकलाई अपूरणीय असर पर्न सक्ने ठहर गर्दै अन्तिम निर्णय नभएसम्म यथास्थिति कायम राख्न आदेश दिएको छ।

सो आदेशमा शुल्क वृद्धिको निर्णय गर्दा शिक्षा नियमावली, २०४९ को नियम १४७ को उपनियम (२) तथा नियम १४५ उपनियम (१) को खण्ड (ख) समेतको प्रतिकूल भएको उल्लेख गरिएको छ। आदेशमा विद्यालयको शैक्षिक सत्र वैशाख १ गतेदेखि प्रारम्भ भइ चैत मसान्तसम्म हुनेछ भनी त्यस नियमावलीको नियम ८४ को उपनियम (१) को कानुनी व्यवस्था रहेको भनिएको छ।

आदेशसंगै नगरपालिकाले सार्वजनिक गरेको नयाँ शुल्क दर कार्यान्वयनमा तत्काल रोक लागेको छ भने विपक्षीहरु नगरपालिकासहितका पक्षलाई लिखित जवाफ पेस गर्न निर्देशन दिँदै थप छलफलका लागि असार ११ गतेको पेशी तोकिएको छ। त्यसमा आवश्यक प्रमाणसहित उपस्थित हुन विपक्षीहरुलाई निर्देशन दिएको छ।

विद्यालयहरुले निर्धारण गराउन पाउने शुल्कको अधिकतम सिमा तोकी शैक्षिक सत्र शुरु हुनुभन्दा ३ महिना अगावै सूचना प्रकाशन गर्नुपर्ने स्पष्ट कानुनी व्यवस्था रहेकोमा नगरपालिकाले गत जेठ ९ मा शनिबारका दिन बैठक बसेर शुल्कवृद्धिको निर्णय गरेको थियो।

सोही निर्णयविरुद्ध अभिभावकहरूको तर्फबाट अधिवक्ता सुरेश कुमार सिंहसहितले सार्वजनिक सरोकार भनेर रिट दायर गरेका थिए। अदालतको आदेशसंगै राजविराज नगरपालिकाका संस्थागत तथा गुठी विद्यालयहरूले बढाइएको शुल्क तत्काल असुल गर्न नपाउने भएका छन्। यस निर्णयलाई अभिभावकहरूले राहतको रूपमा लिएका छन् भने निजी विद्यालय सञ्चालकहरू भने कानुनी प्रक्रियाबाट आफ्नो धारणा प्रस्तुत गर्ने तयारीमा रहेका छन्।

### सिरहा डकैती प्रकरण

## भारतीय सुटरसहितको गिरोह, अनुसन्धानपछि ११ जना कारागार चलान

**टुडे समाचारदाता**

जनकपुरधाम । सिरहाको कल्याणपुर नगरपालिका-१२ बेल्हाकट्टीस्थित एक घरमा भएको डकैती घटनाले विगतमा तराई क्षेत्रमा सक्रिय सशस्त्र समूहहरूको झझल्को पुनः सम्झाइदिएको छ। गत मंसिर ३ गते भएको उक्त घटनामा संलग्न व्यक्तिहरूविरुद्ध अनुसन्धान भएपछि जिल्ला अदालत सिरहाले गत जेठमा पक्राउ परेका प्रतिवादीहरूलाई पुर्पक्षका लागि कारागार चलान गरेको छ।



घटनाअनुसार बेल्हाकट्टीका मुकेशकुमार सिंहको घरमा मध्यराति ८/१० जनाको सशस्त्र समूह प्रवेश गरेको थियो। हतियारधारी डकैतहरूले परिवारका सदस्यलाई नियन्त्रणमा लिएर महिलाले लगाएका सुनचाँदीका गरगहना, नगद तथा अन्य बहुमूल्य सामग्री लुटेर लगेका थिए। प्रहरी अनुसन्धानले डकैतीमा भारतीय नागरिक तथा भारतीय सुटरसमेत संलग्न रहेको खुलाएको छ।

डकैत समूह मुकेशकुमार सिंहको घरमा करिब २०/२५ मिनेटसम्म लुटपाट गरेपछि अर्को घरतर्फ जान लागेको थियो। त्यसक्रममा स्थानीय वीरेन्द्र महतो र उनका छोरा अनिलकुमार महतोले प्रतिकार गर्ने प्रयास गरेका थिए। प्रतिकार भएपछि समूहका सदस्य बद्री भनिने अजय पासवान र मोटु भनिने हिरालाल पासवानले कटुवा पेस्तोलबाट गोली चलाएका थिए। उक्त गोली वीरेन्द्र र अनिल दुवैको छातीमा लागेको थियो। समयमै उपचार पाएकाले उनीहरूको ज्यान जोगिए पनि उपचारमा ठूलो रकम खर्च भएको बताइएको छ।

मंसिरमा भएको उक्त घटनाको अनुसन्धान प्रहरीका लागि चुनौतीपूर्ण बनेको थियो। घटनापछि डकैत समूह भारत प्रवेश गरिसकेको थियो। अझ रोचक पक्ष के थियो भने सोही समूहले भारत पुगेपछि त्यहाँका केही क्षेत्रमा समेत डकैती गरेको तथ्य अनुसन्धानबाट खुलेको छ।

प्रहरीले प्राप्त विशेष सूचनाका आधारमा फागुन ६ गते सिरहा नगरपालिका-१३ स्थित सडक खण्डबाट लहानका लाल मोहम्मद अन्सारी, एकवाल मियाँ तथा भारतीय नागरिक मोहम्मद गुलाब अन्सारीलाई पक्राउ गरेको थियो। पक्राउपछि उनीहरूको डेरामा गरिएको खानतलासीका क्रममा लाल मोहम्मदको कोठाबाट कटुवा बन्दुक, दुई राउन्ड गोली र ३० ग्राम खैरो हेरोइन बरामद भएको थियो। त्यस्तै गुलाब अन्सारीको डेराबाट कटुवा पेस्तोल र दुई राउन्ड गोली फेला परेको थियो।

मुख्य अभियुक्तमध्येका एक मोहम्मद एकवाल मियाँले प्रहरीसमक्ष दिएको बयानमा आफू ६-७ लाख रुपैयाँ ऋणमा डुबेको र ऋण तिर्ने उपाय खोज्ने क्रममा डकैती समूहको सम्पर्कमा पुगेको स्वीकार गरेका छन्। उनका अनुसार काकाको छोरा मोहम्मद हाकिम मियाँ र मामा नाता पर्ने मोहम्मद हकिम फकिरमार्फत उनी गिरोहसँग जोडिएका थिए।

एकवालको बयानअनुसार गोलबजारमा लाल मोहम्मद अन्सारीसँग भेट भएपछि भारतीय डकैतहरूसँग मिलेर काम गर्ने प्रस्ताव स्वीकार गरिएको थियो। त्यसपछि मोटरसाइकल र इलेक्ट्रोनिक रिक्सा प्रयोग गरी उनीहरू कमला नदी किनार पुगेका थिए, जहाँ भारतीय नागरिकसहित अन्य व्यक्तिहरूसँग भेट गरी बेल्हाकट्टीमा डकैती गर्ने योजना बनाइएको थियो।

डकैतीअघि प्रत्येक सदस्यलाई फरक-फरक जिम्मेवारी दिइएको थियो। केहीलाई घरभित्र प्रवेश गर्ने, केहीलाई बाहिर निगरानी गर्ने तथा प्रतिकार भए गोली चलाउने जिम्मा दिइएको अनुसन्धानबाट खुलेको छ।

अनुसन्धानका क्रममा डकैतीपछि लुटिएका सुनचाँदीका गहना लहानस्थित सुमिता ज्वेलर्सका सञ्चालक दीपेन्द्र साह सोनारलाई बिक्री गरिएको तथ्य पनि खुलेको छ। प्रतिवादी एकवाल मियाँ र अमरप्रकाश पासवानले गहना बिक्रीबाट प्राप्त रकम गिरोहका सदस्यहरूबीच बाँडफाँट गरिएको बयान दिएका छन्।

प्रहरीका अनुसार यो समूहले बेल्हाकट्टी घटनापछि भारतको लदनिया बजार क्षेत्रमा समेत अर्को डकैती गरेको थियो। उक्त घटनामा भारतीय प्रहरीले अनुसन्धान गरी मोहम्मद हकिम फकिरलाई पक्राउ गरेर भारतमै कारागार चलान गरिसकेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख प्रहरी उपरीक्षक बासुदेव पाठकका अनुसार घटनाको अनुसन्धान र आरोपीहरूको पहिचान तथा पक्राउ प्रक्रिया निकै कठिन रहेको थियो। लाल मोहम्मद अन्सारी र मोहम्मद गुलाब अन्सारी पक्राउ परेपछि अन्य अभियुक्तसम्म पुग्न सहज भएको उनले बताए।

यसै प्रकरणमा अमरप्रकाश पासवानलाई गोलबजार नगरपालिका-६ बाट पक्राउ गरिएको थियो। उनीहरूको बयानका आधारमा प्रहरीले एकवाल मियाँलाई पनि नियन्त्रणमा लिएको थियो।

हालसम्म पक्राउ परेका ११ जना प्रतिवादीलाई पुर्पक्षका लागि कारागार चलान गरिएको छ। यद्यपि प्रकाश पासवान, अजय पासवान, विजय पासवान, हिरालाल पासवान, हकिम मियाँ, दीपेन्द्र साह सोनार तथा अलाउद्दिन अन्सारीलगायत केही अभियुक्त अझै फरार रहेका छन्। सिरहा प्रहरीले उनीहरूको खोजी कार्य जारी रहेको जनाएको छ।

## गृहमन्त्रीको आवासमा छापा, प्रहरीद्वारा अस्वीकार

**टुडे समाचारदाता**

विराटनगर । कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्रीको सरकारी आवासमा बिहीबार राती प्रहरीले छापा मारेको छ।




अपराधी लुकेको क्षेत्रमा खोजतलाशमा रहेको प्रहरीले गृह तथा कानुन मन्त्री इन्द्रमणी पराजुलीको आवासमा छापा मारेको आरोप प्रतिनिधि सभाको शुक्रवार बसेको बैठकमा सांसद राजेन्द्रकुमार राईले लगाएको हो।

मन्त्री पराजुली संखुवासभामा रहेको बेला उनको आवासमा राती १० बजे प्रहरीले छापामारेको सांसद राईले आरोप लगाएको हो।

संसदमा विशेष समय लिएर बोल्दै सांसद राईले मन्त्री नभएको बेला प्रहरीको छापामारी बारे सरकारले जवाफ दिनुपर्ने माग गरे।

बहालबाला प्रदेश गृहमन्त्रीको सरकारी आवासमा पहिलो पटक छापामारी भएको छ।गृहमन्त्रीको आवासमा समेत सुरक्षार्थ प्रहरी तैनाथ रहने भएकोले सुरक्षाकर्मीकै माध्यमबाट समेत आरोपी लुकेको वा नलुकेको सम्पूर्ण जानकारी लिन सक्ने अवस्था रहँदारहँदै थप प्रहरी आवासमा पुग्नु गलत भएको एमालेका नेताहरुले बताएका छन्।

सांसद राईले आवाज उठाएपछि सार्वजनिक भएको सो घटना बारे जिल्ला प्रहरी कार्यालय (जिप्रका) मोरङले कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री इन्द्रमणि पराजुलीको निवासमा प्रहरीले छापा मारेको समाचारहरुको सत्यतालाई अस्वीकार गरेको छ।

जिप्रका मोरंगले जारी गरेको विज्ञप्तिमा मन्त्री पराजुलीको निवासमा प्रहरीद्वारा कुनै पनि किसिमको खानतलासी वा छापा नमारिएको स्पष्ट गरिएकोछ। २०८३ असार १ गते पक्राउ पुर्जी जारी भई फरार रहेका एक प्रतिवादी विराटनगर महानगरपालिका स्थित पुष्पलाल चोक आसपासको क्षेत्रमा लुकीछिपी बसेको भन्ने विशेष सूचना प्रहरीलाई प्राप्त भएको विज्ञप्तिमा उल्लेख गरिएको छ। सोही सूचनाका आधारमा फरार अभियुक्तको खोजतलासका लागि प्रहरी टोली सो क्षेत्रमा खटिएको प्रहरीले जनाएको छ।

खोजी कार्यकै सिलसिलामा प्रहरी टोली पुष्पलाल चोक क्षेत्रमा पुगेको र सोही क्षेत्रमा मन्त्री पराजुलीको निवास समेत रहेका कारण भ्रम सिर्जना हुन गएको प्रहरीले प्रष्टयाएको छ।

जिप्रका मोरङका सूचना अधिकारी समेत रहेका डीएसपी मकेन्द्र कुमार मिश्रले जारी गरेको विज्ञप्तिमा सोही एरियामा कोशी प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्री इन्द्रमणि पराजुलीको निवास समेत रहेकोमा, मन्त्रीज्यूको निवासमा प्रहरीद्वारा खानतलासी नगरिएको/नभएको व्यहोरा सम्पूर्णमा जानकारीका लागि अनुरोध गरिएको छ।

प्रहरीले अपराधीको खोजी गर्ने आफ्नो नियमित प्रक्रिया अन्तर्गत उक्त क्षेत्रमा प्रहरी परिचालन गरिएको भन्दै मन्त्रीको निवासमा प्रहरी प्रवेश नगरेको स्पष्ट पारेको छ।

यस सम्बन्धमा आन्तरिक मामिला तथा कानुन मन्त्री पराजुलीले कुनै प्रतिकृया जनाएका छैनन् ।उनी संखुवासभाको भ्रमणबाट प्रदेशको राजधानी विराटनगर फर्किसकेका छन्।पराजुलीको सम्बन्धमा कोशी प्रदेश सरकारले समेत कुनै प्रतिकृया सार्वजनिक गरेको छैन्।तर सांसद राजेन्द्र राईले प्रतिनिधि सभामा मन्त्री आवासमा भएको छापामारी सम्बन्धमा सरकारबाट जानकारी माग गरेको हो।

प्रदेशको गृहमन्त्री पराजुली एमालेबाट मन्त्री बनेका हुन्। मन्त्री पराजुलीको आवासमा छापामारी भएको जानकारी सांसद राईलाई मन्त्री अथवा मन्त्रीका निकट सहयोगीबाट प्राप्त भएको बताइएको छ।




## अधिकृत यादवविरुद्ध मुद्दा

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरी जिल्लाको सोनमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीदेव यादवविरुद्ध विशेष अदालत काठमाण्डुमा शुक्रबार मुद्दा दायर भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सेवाग्राहीबाट ७२ हजार रुपैयाँ घुस लिएको आरोपमा यादव विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो।




अनुसन्धानको सिलसिलामा महोत्तरी जिल्लाको सोनमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीदेव यादवले सडक ढलान योजना संचालन गर्नको लागि सम्झौता भइ सम्झौता अनुसारको कार्यसम्पन्न भएपश्चात भुक्तानी गर्नको लागि विभिन्न कारण देखाइ बहाना बनाइ दुःख हैरानी दिइ सेवाग्राहीसंग घुस/रिसवत बहत्तर हजार रुपैयाँ माग गरी लिएको देखिएकोले उनलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो बहत्तर हजार रुपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना हुन मागदाबी लिई विशेष अदालतमा आरोपपत्र दायर गरिएको प्रवक्ता सुरेश न्यौपानेले जनाएका छन्।

तर अधिकृत यादवले उक्त आरोपलाई अस्वीकार गरेका छन्। उनले सेवाग्राहीबाट घुस नलिएको दावी गरेका छन्।

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। आकाशको झलक ।।

आकाशको फल झैं टाढा देखिने चाह,
मेहनतले भेटिन्छ, नगर्नू कहिल्यै आह।
सपनाका पखेटा फैलाऊँ उडेर,
सफलताको बाटो खोजौं अघि बढेर।
तारा झैं चम्किन्छन् कर्म गर्ने हात,
हिम्मतले जितिन्छ जीवनका हर बात।
आकाशको फललाई नसम्झ है टाढा,
परिश्रमले पुगिन्छ पार गर्दै बाधा।
विश्वासको दीप बाल, मनमा राख जोश,
आकाशको फल पनि हुन्छ आफ्नो कोष।



**लेखक : रशमी दनुवार**
**मोरङ्ग, नेपाल**

## ।। मृण्मयी चेतना: स्त्री र पृथ्वी ।।

पृथ्वी झैं धैर्य बोकी, उनी सिर्जनाको मौन कथा लेख्छिन्,
हरेक चोट सहेर पनि, उनी अङ्कुरको अभिलाषा राख्छिन्।
उनको देह मात्र माटो होइन, ब्रह्माण्डको एउटा द्वार हो,
जहाँ कामको अग्निलाई, ममताको जलले दिएको सार हो।
जसरी हलोको तीखो फालीले, वसुधाको अन्तस खुल्दछ,
त्यसरी नै मिलनको बेलामा, पौरुषको दर्प पग्लिन्छ।
यौन त्यहाँ वासना होइन, एउटा आदिम यज्ञको वेदी हो,
जहाँ आत्मा विलीन हुन्छ, त्यो देह मुक्तिको श्रेणी हो।
उनी गर्त पनि हुन्, शिखर पनि, उनी ऊष्माको सागर हुन्,
जसरी तप्त धरा बुझाउने, साउनको तिर्खाएको गागर हुन्।
उनको रगतको रङ्गभित्र, नव-सिर्जनाको बीज हुर्कन्छ,
जसरी कालो माटोभित्र, जीवन चुपचाप अङ्कुराउँछ।
दोहन र खननको बीचमा, उनी अविचल मौनको प्रतीक हुन्,
प्रेम र समर्पण नै, उनको नशा-नशाको वास्तविक ऋचा हुन्।
उनी रिक्त भएर पनि पूर्ण छिन्, शून्य भएर पनि अनन्त छिन्,
पृथ्वीको कोख झैं उनीभित्र, लुकेको शाश्वत वसन्त छ।
अन्ततः सबै लय हुन्छन्, त्यही मृण्मयी छायामा,
सृष्टिको सार लुकेको छ, उनको पावन कायामा।



**योगी नारायण नाथ**
**इटहरी, सुनसरी**

## ।। कनेक हइटक रहू ।।

हमरा स कनिक हैट क रहु
मनु जि के में फर्क नै बुझ
सोनित अछि आहार
हम ही ऋषि पुर्खाक संतान,
ते हम करैछी हिन्द राष्ट्रक गोहार
हम करेहि चानन टिका
लगवे छी आरविण कोपी
दुर्गा पाठ क के जनौ धारण करेही
मंत्र उचाइर क गौ वलि करेही
हम करेछी हिन्दू राष्ट्रक पुकार
हमरा स कनि हैट क रहु
हमही रक्षक हमही भक्षक हमही समाजक ठेकदार
हम करेछि दैनिक दर्शण भगवान
जे अहार साँप करेंयु
ओहने अहार हमह करैछी
विष संचित अपार
साँप काटले एक मरत हमर काटने वंश सरवापं
चार वर्ण हिनु प भारी
एक दोसर के नैकरू खिचातानी
हमरा स कनि सैट क रहु
हुवाछुत भेदभाव हमर हथियार
हिन्द हिनु मे होइय भेदभाव
अन्त करक फरियाद
हमरा स कनेक हिलमिल क रहु
नेत धर्म परिवर्तन के सिलसाली भजायत अपार
मांस मदिरा सिद्धि के अंश
हम अहाँ हि सर्वहारा पथ्थर जुग के वंश
तामसी मनु के दर्शण स
दोसरो के वंश तबाह
हम हिन्द छि गौ रक्षक नारा हमही करै ही
हमही करावे ही पशुबली अपार
दोहरा निती है हम पछधर
हमरा स रहु होसीयार
हमरा से सब दिन घुइल मिल क रहु
या है हिन्दु हिनु में गुहार
मन स सैट क रहु
या त कनेक हैट क रहु



**कवि प्रमोद राम**
**जनकपुरधाम**

## ।। समय ।।

समय के बहुत महत्व अछि
मानव जीवन मे त्य हमरा
यहाँ के समयके भ्यालु
करनाई बहुत जरूरी अछि
यदि समय के नै भ्यालु कर्बै
त जिन्दगी नर्क सेहो बनै अछि
हरेक इन्सान के सुख दुःख
अबै अछि यदि दुःख मे इन्सान
अपना प नै काबु रखै अछि त
उ इन्सान बौवा जाई अछि
तहिना सुख मे जे इन्सान
घमण्डी करै अछि उ इन्सान
के बढ़का संकट के घरी अबै अछि
त्य समय अनुसार इन्सानके चलनाई
जरूरी अछि
एक समय एहन होई अछि से आदमी
भरल पुरल रहै अछि और एक समय
एहन होई अछि से आदमी कंगाल
भजाई अछि ई समय के रित अछि
सुख दुःख इन्सान के जीवन मे सबके
अबै अछि त्य इन्सान सुख मे नै घमण्ड
कर चाही आ दुःख मे इन्सान के नै
हताश होवचाही
समय के गति सँ चलनाई इन्सान के
बहुत जरूरी अछि एक दिन एहन अबै
अछि कि इन्सान के खाई लेल दिक्कत
रहै अछि और एक दिन एहन समय अबै
अछि से इन्सान सब चिजसँ भरल पुरल
रहै अछि लेकिन इन्सान दुःखी रहै अछि
ई सब समय के खेल अछि त्य इन्सान
समय के गति सँ चलनाई जरूरी अछि



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार दोहा कतार**

## ।। एक गजल ।।

कसैले हालचाल सोधे भन्दिनु कि आराममा छ।
सङ्घर्षको खटाइपछी केही समयको विश्राममा छ।
ऊ बुढो मान्छे मृत्युको परीक्षा लिन्छ ज्यानको बाजी राखी,
यमराजसँगको मान्छेको पर्खाइ देहत्यागको परिणाममा छ।
त्यो सहरमा धर्म धर्मबीच विशाल युद्ध भइरहेछ,
न हतियार न खुकुरी त्यसै मान्छे संग्राममा छ।
शालिन शानदार शिष्ट व्यक्तित्वहरू पनि यहाँ,
कहिले दुष्ट , अधर्मी मान्छेहरूको गोदाममा छ।



**नबिन कुमार रोकाया**
**सिंजा ५ जुम्ला**

## ।। बिस्तारै बिस्तारै ।।

जहाँ तिमी पुग्यो
छलांग लगाएर
त्यहाँ म पनि पुगें
तर बिस्तारै बिस्तारै
बनाएको यो घर
तर बिस्तारै बिस्तारै
खेलाएको कति सपना
तर बिस्तारै बिस्तारै
कसैलाई नलडाएको
न आफैंलाई उचालेको
चल्दै छ जिन्दगीको यात्रा
तर बिस्तारै बिस्तारै
पहाडको केहि चुनौती थिएन
शिर उठेको उठेकै
खेलबाडको केहि थमौती थिएन
भिर सुकेको सुकेकै
लडेको कहि म यसै
एक्लै आफैंले सहेको
गयो चोटसँग घाउको दुखाइ
तर बिस्तारै बिस्तारै



**बिरेन्द्र कुमार चौधरी**

## ।। रमाइलो पल ।।

रमाइलो पल सम्झँदा मन हाँस्छ झन्,
खुसीका ती क्षणहरू आउँछन् फेरि बन्।
साथीभाइसँग खेल्दा रमाइलो भयो,
हासो र खुसीले मन उज्यालो भयो।
हरियो डाँडाकाँडा, चरा गाउने गीत,
प्रकृतिको काखमा भेटियो नयाँ प्रीत।
दुःखका बादल हटे, आयो खुशीको घाम,
रमाइलो ती पलले बढायो जीवनको नाम।
सधैं मनमा बसून् ती मधुरा सम्झना,
रमाइला पलहरूले भरून् जीवनका सपना



**लेखक :बब्लु शर्मा**
**ज.उ.म.न.पा -७**

## ।। गजल ।।

ई दुरदासा सँ हमरो,कदे आब फलित गै माँ
जहिना तु करैछे अम्बे ,सभके ललित गै माँ
कोन चुक चुकलौं हम,से नै जाईन माहारानी
भटकैछौ रनवने,बेटा अभागला पपित गै माँ
अहि रे अन्पढ गबरबा सँ,कते लेबे माँ परीक्षा
छियौ लाल तोरे,सुख सँ कदे न हरसित गै माँ
छोईर स्यँमके,किछ चढायब नै सकबौ चरणमे
लेबे प्राण त लले देवी,नै त कदे पुलकित गै माँ
सुईनले पुकार माँ,बेटा तोहर नित बजैर रहल छौ
तैं ई 'रमेशझ सँ,सभ कलेशके कदे पराजित गै माँ



**रचना:-रमेश मँडल**

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय मिर्चैया, सिराहाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०३/०६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना **ऋणी स्वेच्छा वालुवा प्रसोधन उद्योग र श्रीराम थापाको हकमा मिति २०८२/१२/११, दिलिप कुमार साहको हकमा मिति २०८३/०१/२४ तथा ऋणी परमेश्वर साह हलुवाई र सुनिल कुमार साहको हकमा मिति २०८२/०९/१५ गतेको जनकपुर टुडे राष्ट्रिय** दैनिकमा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

### तपसिल

#### ऋणीको विवरण

**१.** सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. ९ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विकास, घरेलु तथा साना उद्योगको कार्यालय लहान, सिरहामा मिति २०७३ साल मंसिर महिना १३ गते रोज २ मा प्रा.फ.र.नं. ६७८०/०७३/७४ तथा आन्तरिक राजश्व कार्यालय, लहानमा मिति २०७३/०८/१३ मा स्थायी लेखा नम्बर (PAN) ६०५४६७७१८ अन्तर्गत दर्ता कायम भएको **स्वेच्छा वालुवा प्रसोधन उद्योग** ।
**प्रोप्राईटर : श्रीराम थापा**

#### ऋणी तथा ऋणी १ को व्यक्तिगत जमानतकर्ताको विवरण

**२.** मान बहादुरको नाति, हरि बहादुर थापाको छोरा, सिराहा जिल्ला, साविक वडहरामाल गा.वि.स./न.पा. वडा नं. ५ बस्ने **श्रीराम थापा** (ना.प्र.नं. ५६९/१२९४, जारी मिति २०४३/०३/२६, जि.प्र.का. सिराहा) ।

#### ऋणी १ र २ को लागी संयुक्त व्यक्तिगत जमानतकर्ताको विवरण

| | |
|---|---|
| १. ढल बहादुरको नाति, मान बहादुरको छोरा, सिराहा जिल्ला, साविक कर्जन्हा गा.वि.स./न.पा. वडा नं. ३ बस्ने **हरि बहादुर थापा** (ना.प्र.नं. ४४७७१२९४(१२६०, जारी मिति २०३५/०८/२६, जि.प्र.का. सिराहा) । | २. हरि बहादुर थापाको बुहारी, श्रीराम थापाको पत्नि, सिराहा जिल्ला, साविक वडहरामाल गा.वि.स./न.पा. वडा नं. ५ बस्ने **विमला थापा** (ना.प्र.नं. १५३०८८/११०७, जारी मिति २०६३/१२/०९, जि.प्र.का. सिराहा) । |
| ३. मान बहादुरको नाति, हरि बहादुर थापाको छोरा, सिराहा जिल्ला, वडहरामाल गा.वि.स./न.पा. वडा नं. ५ बस्ने **विभू थापा** (ना.प्र.नं. ४४७७५८७७-३६२९६, जारी मिति २०५९/०२/२१, जि.प्र.का. सिराहा) । | ४. मान बहादुरको बुहारी, हरि बहादुर थापाको पत्नि, सिराहा जिल्ला, साविक कर्जन्हा गा.वि.स./न.पा. वडा नं. ३ बस्ने **चन्द्र देवी थापा क्षेत्री** (ना.प्र.नं. १४३९, जारी मिति २०४४/०३/१४, जि.प्र.का. सिराहा) । |

#### धितोको विवरण

**१. ऋणी १ को पक्षमा धितोबन्धकी कायम रही ऋणी २ को पक्षमा पुनः धितोबन्धकी कायम रहेको :** हरि बहादुर थापा (ना.प्र.नं. ४४७७१२९४(१२६०, जारी मिति २०३५/०८/२६, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, साविक बडहरामाल गा.वि.स./न.पा. वडा नं. ७ नक्सा सिट नं. ७ क हाल सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. ६ स्थित कि.नं. ३११३ को क्षेत्रफल ०-३-६ (बि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. स्वेच्छा वालुवा प्रसोधन उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

३. **ऋणी १ को पक्षमा धितोबन्धकी कायम रहेको :** श्रीराम थापा (ना.प्र.नं. ५६९/१२९४, जारी मिति २०४३/०३/२६, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिराहा जिल्ला, साविक चैनपुर गा.वि.स./न.पा. वडा नं. ६ हाल सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. ९ स्थित कि.नं. १९४ को क्षेत्रफल ०-१०-० (बि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**४. ऋणी २ को पक्षमा धितोबन्धकी कायम रहेको :** विभू थापा (ना.प्र.नं. ४४७७५८७७-३६२९६, जारी मिति २०५९/०२/२१, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिराहा जिल्ला, साविक बडहरामाल गा.वि.स./न.पा. वडा नं. ७ नक्सा सिट नं. ७ क हाल सिरहा जिल्ला, कर्जन्हा न.पा. वडा नं. ६ स्थित कि.नं. ३१९५ को क्षेत्रफल ०-१०-११ (बि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

| ऋणीको विवरण | व्यक्तिगत जमानतकर्ताको विवरण |
|---|---|
| राम अधिन साहको नाति, हृदय साह सुडीको छोरा, सिराहा जिल्ला, साविक रामनगर मिर्चैया गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ बस्ने **दिलिप कुमार साह** (ना.प्र.नं. १५१६४३/१७९२, जारी मिति २०५४/०८/०४, जि.प्र.का. सिराहा) । | हृदय साह सुडीको बुहारी, दिलिप कुमार साहको पत्नि, सिराहा जिल्ला, साविक रामनगर मिर्चैया गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ बस्ने **अर्चना देवी साह** (ना.प्र.नं. ७७३८४१६१, जारी मिति २०६०/१०/०७, जि.प्र.का. सिराहा) । |

#### धितोको विवरण

१. दिलिप कुमार साह (ना.प्र.नं. १५१६४३/१७९२, जारी मिति २०५४/०८/०४, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिराहा जिल्ला, साविक रामनगर गा.वि.स./न.पा. वडा नं. ६ नक्सा सिट नं. ६ क स्थित कि.नं. १८३२ को क्षेत्रफल ०-०-८१/२ (बि.क.धु.) र सिराहा जिल्ला, साविक फुलवरीया गा.वि.स./न.पा. वडा नं. ७ नक्सा सिट नं. ७ घ स्थित कि.नं. १४३२ को क्षेत्रफल ०-१-१२१/४ (बि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. **ऋणी दिलिप कुमार साहको नाममा रोक्का रही ऋणी अर्चना देवी साहको नाममा पुनः धितोबन्धकी कायम रहेको :** अर्चना देवी साह (ना.प्र.नं. ७७३८४१६१, जारी मिति २०६०/१०/०७, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिराहा जिल्ला, साविक रामनगर गा.वि.स./न.पा. वडा नं. ६ नक्सा सिट नं. ६ क स्थित कि.नं. ३३५२ को क्षेत्रफल ०-०-११ (बि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

#### ऋणी तथा ऋणी (२) को व्यक्तिगत जमानीकर्ताको विवरण

**१.** नेवा साहको नाति, वलदेव साहको छोरा, सिराहा जिल्ला, साविक फुलवरीया गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया गा.पा./न.पा. वडा नं. ६ बस्ने **परमेश्वर साह हलुवाई** (ना.प्र.नं. १५५/९, जारी मिति २०४४/११/११, जि.प्र.का. सिराहा) ।

#### ऋणी तथा ऋणी (१) को व्यक्तिगत जमानीकर्ताको विवरण

**२.** वलदेव साहको नाति, परमेश्वर साह हलुवाईको छोरा, सिराहा जिल्ला, साविक फुलवरीया गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया गा.पा./न.पा. वडा नं. ६ बस्ने **सुनिल कुमार साह** (ना.प्र.नं. १५१०९१/१३५८६, जारी मिति २०६८/०४/०८, जि.प्र.का. सिराहा) ।

#### ऋणी (१) र (२) को व्यक्तिगत जमानीकर्ताको विवरण

बलदेब साहको बुहारी, परमेश्वर साह हलुवाईको पत्नि, सिराहा जिल्ला, साविक फुलवरीया गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ बस्ने **निर्मला देबी साह** (ना.प्र.नं. ०३१२६९५५, जारी मिति २०६२/०९/२४, जि.प्र.का. सिराहा) ।

#### धितोको विवरण

**ऋणी १ को पक्षमा रोक्का रही ऋणी २ को पक्षमा पुनः धितोबन्धकी कायम रहेको :** परमेश्वर साह हलुवाई (ना.प्र.नं. १५५/९, जारी मिति २०४४/११/११, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, साविक रामनगर गा.वि.स./न.पा. वडा नं. ४ नक्सा सिट नं. ४ क स्थित कि.नं. ३८८८ र ३८९० को क्षेत्रफल क्रमशः ०-०-९१/२-० र ०-०-११-० (बि.क.धु.क.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

#### शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०३/२० गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय मिर्चैया, सिराहामा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०३/२१ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय मिर्चैया, सिराहामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नुपर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माद्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शूल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय मिर्चैया, सिराहामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank

शाखा कार्यालय : मिर्चैया, सिराहा
फोन नं. ०३३-५५००८४
Website : www.siddharthabank.com

# छोरीलाई ५१ हजार प्रोत्साहन




**टुडे समाचारदाता**

बर्दिबास । बालविवाह न्यूनीकरण गर्न महोत्तरीको बर्दिबास नगरपालिकाले उमेर पुगेको अवस्थामा विहे छोरीलाई ५१ हजार रुपैया प्रोत्साहन स्वरुप सहयोग गर्ने कार्यक्रम ल्याएको छ।

नगरपालिकाको १८ औं नगरसभामा आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत नीति तथा कार्यक्रम तथा बजेटमार्फत उक्त व्यवस्था सार्वजनिक गरिएको हो । अब २० वर्ष उमेर पूरा गरेर विवाह गर्ने नगर क्षेत्रका छोरीहरूले ५१ हजार रुपैयाँ नगद प्रोत्साहन प्रदान गरिनेछ।

नगरप्रमुख प्रल्हादकुमार क्षेत्रीले आगामी आर्थिक वर्षदेखि लागू हुने यो कार्यक्रमले बालविवाह निरुत्साहित गर्न र कानुनी उमेरपछि मात्र विवाह गर्नुपर्छ भन्ने सामाजिक सन्देश प्रवाह गर्न मद्दत पुग्ने बताए।

नगरप्रमुख क्षेत्रीले नगरसभामा घोषणा गरिएको यो व्यवस्थालाई स्थानीयवासी तथा विभिन्न सामाजिक क्षेत्रबाट सकारात्मक प्रतिक्रिया प्राप्त भएको बताए। उनका अनुसार प्रोत्साहन कार्यक्रमले किशोरी तथा अभिभावक दुवैमा विवाहसम्बन्धी कानुनी सचेतना बढाउने विश्वास नगरपालिकाको रहेको छ।

यसअघि नगरपालिकाले मुसहर समुदायलाई लक्षित गर्दै २०८० चैतमा उमेर पुगेपछि विवाह गर्ने जोडीलाई ५० हजार रुपैयाँ प्रोत्साहन दिने कार्यक्रम सुरु गरेको थियो। तर, हालसम्म एक जोडीले मात्र उक्त सुविधा प्राप्त गरेको नगरपालिकाको अभिलेखमा उल्लेख छ।

स्थानीय सामाजिक तथा राजनीतिक कार्यकर्ता देवनारायण महतोका अनुसार मुसहर समुदायमा बालविवाह अझै चुनौतीका रूपमा रहेकाले प्रोत्साहन कार्यक्रमको प्रभावकारिता बढाउन थप जनचेतनामूलक अभियान आवश्यक छ । बर्दिबास नगरपालिकाका १४ वडामध्ये १३ वडा बालविवाहमुक्त घोषणा भइसकेका छन् भने वडा नं. १२ मात्र बालविवाहमुक्त घोषणा हुन बाँकी रहेको छ । नगरपालिकाले ल्याएको नयाँ प्रोत्साहन योजनाले बाँकी क्षेत्रमा पनि बालविवाह अन्त्य गर्न सहयोग पुग्ने विश्वास गरिएको छ।

आम समुदायका छोरीहरूका लागि ५१ हजार रुपैयाँ प्रोत्साहनको व्यवस्था गरिए पनि मुसहर समुदायका पुरुष र महिला दुवैलाई प्रोत्साहन दिने पुरानो व्यवस्था यथावत् रहनेछ । बालविवाहका घटना बढी देखिने समुदायमा विशेष कार्यक्रममार्फत सामाजिक सुधारको प्रयासलाई निरन्तरता दिइने नगरपालिकाले जनाएको छ।

महिला अधिकारकर्मी तथा सामाजिक अगुवाहरूले नगरपालिकाको यो निर्णयलाई बालविवाह नियन्त्रण, महिला सशक्तीकरण तथा सामाजिक रूपान्तरणतर्फको सकारात्मक कदमका रूपमा लिएका छन्।

# चोरीको गाडी समातियो



**टुडे समाचारदाता**

रौतहट । सर्लाहीमा एक चोर चोरीको गाडी सहित पक्राउ परेका छन् । जिल्लाको बरहथवा नगरपालिका-३ प्रतिटोलमा शुक्रबार बिहान करिब ४ बजे स्थानीय विजय यादवको घरबाट मोबाइल फोन र नगद चोरी भएको थियो।

त्यसपछि आरोपी युवक नजिकैको अर्को घरमा समेत चोरी गर्ने उद्देश्यले प्रवेश गर्न खोजिरहेका बेला घरधनीकी श्रीमतीको नजरमा परे। उनले तत्काल होहल्ला गरेपछि स्थानीय बासिन्दा सक्रिय भए र युवक भाग्न नपाउँदै प्रहरीको नियन्त्रणमा पुगे।

पक्राउ पर्नेमा सर्लाहीको बागमती नगरपालिका-६ निवासी १८ वर्षीय जुमन मियाँ रहेका छन् । घटनाको अनुसन्धान अघि बढ्दै जाँदा प्रहरीले अर्को चकित पार्ने तथ्य फेला पार्यो । चोरी गर्न प्रयोग गरिएको मधेश प्रदेश ०४-००१ च ०३६७ नम्बरको पिकअप गाडी पनि चोरीकै रहेको खुलेको हो।

सर्लाही प्रहरीका प्रवक्ता डिएसपी वेदप्रसाद गौतमका अनुसार उक्त पिकअप गत जेठ १९ गते हरिवन क्षेत्रबाट हराएको गाडीसँग मेल खाएको छ। बरामद गरिएको गाडी र त्यसको चोरीमा संलग्न व्यक्तिहरूबारे थप अनुसन्धान भइरहेको उनले बताए । प्रहरीले जुमन मियाँमाथि चोरी तथा सवारी चोरी सम्बन्धी कसुरमा थप अनुसन्धान गरिरहेको जनाएको छ।

# उपसभामुख ठाकुरलाई सम्मान

**टुडे समाचारदाता**



रौतहट । रौतहट पुगेकी प्रतिनिधिसभाकी उपसभामुख रुबी कुमारी ठाकुरलाई स्वागत गरिएको छ । जिल्लाको फतुवा विजयपुर नगरपालिका-टेंग्राहामा आयोजित युवा नेता रमाशंकर पासवानकी भतिजीको वैवाहिक समारोहमा सहभागी हुन आएकी उपसभामुख ठाकुरलाई मौलापुरमा स्थानीय नेता तथा शुभेच्छुकहरूले स्वागत गरेका हुन्।

मौलापुर पुगेकी उपसभामुख ठाकुरलाई फतुवा विजयपुरका मेयर प्रत्याशी बिजय यादव लगायत स्थानीय राजनीतिक तथा सामाजिक व्यक्तित्वहरूले फूलमाला र खादा ओढाएर सम्मान तथा स्वागत गरेका थिए। स्वागत कार्यक्रममा स्थानीयवासीको समेत उल्लेख्य उपस्थिति रहेको थियो।

उपसभामुख ठाकुर मधेश प्रदेशमा दाइजो (दहेज) विरुद्धको अभियान र महिला सशक्तीकरणका मुद्दामा सक्रिय रूपमा आवाज उठाउँदै आएकी नेताका रूपमा परिचित छिन्। दहेजमुक्त समाज निर्माणको पक्षमा निरन्तर वकालत गर्दै आएकी उनको रौतहट आगमनलाई स्थानीयहरूले सकारात्मक रूपमा लिएका छन् । विशेषगरी विवाह समारोहजस्ता सामाजिक कार्यक्रमहरूमा राष्ट्रिय तहका नेतृत्वको सहभागिताले स्थानीय समुदायसँग राजनीतिक नेतृत्वको सम्बन्ध थप सुदृढ हुने विश्वास गरिएको छ । साथै, दहेजजस्ता सामाजिक विकृतिविरुद्ध सन्देश प्रवाह गर्न यस्ता उपस्थितिहरूले महत्वपूर्ण भूमिका खेल्ने सामाजिक अगुवाहरूको भनाइ छ।

रौतहटको ऐतिहासिक तथा सांस्कृतिक महत्व बोकेको मौलापुरमा उपसभामुख ठाकुरको स्वागतलाई स्थानीयवासीले सम्मान र आत्मीयताको प्रतीकका रूपमा लिएका छन् । उनको भ्रमणले सामाजिक सद्भाव, महिला अधिकार तथा दहेजमुक्त समाज निर्माणका विषयमा थप सकारात्मक बहस सिर्जना गर्ने अपेक्षा गरिएको छ।

## बजेट विनियोजन गर्दा प्रदेश र स्थानीय तहलाई ध्यान दिन सांसदको माग

काठमाण्डु । राष्ट्रियसभाको बैठकमा सांसदहरूले प्रदेश र स्थानीय सरकारलाई केन्द्र सरकारले उचित बजेट विनियोजन नगरेकाप्रति सरकारको ध्यानाकर्षण गराएका छन्।

राष्ट्रियसभाको शुक्रबारको प्रादेशिक समयमा आफ्ना धारणा राख्दै कांग्रेसका सांसद नारायणदत्त भट्टले बजेट विनियोजन गर्दा न्यायोचित नभएको र स्थानीय तहलाई उचित ढङ्गले बजेट विनियोजन नभएको टिप्पणी गर्नुभयो।

सांसद दत्तले प्राकृतिक न्यायको सिद्धान्तका आधारमा पनि आवश्यकताका आधारमा न्यायोचित बजेट वितरण गर्नुपर्नेमा जोड दिँदै सरकारले बजेट विनियोजन गर्दा ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

नेपाल कम्युनिष्ट पार्टीका सांसद मदनकुमारी शाहले सुदूरपश्चिम, कर्णाली र मधेसलाई सरकारले जति प्राथमिकता दिनुपर्ने हो त्यो नदिएर प्रशासनिक खर्चसमेत कटौती गर्ने काम गरेकाप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो।

उहाँले सङ्घीयता कार्यान्वयनका लागि अहिले पनि कानुनको प्रभावकारी कार्यान्वयन नहुँदा प्रदेशका स्रोत साधनको व्यवस्थापनमा समेत कठिनाइ भएको बताउनुभयो।

नेकपा (एमाले) प्रेमप्रसाद दङ्गालले सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीका विषयहरू तय गरिएको भए पनि प्रदेश र स्थानीय तहलाई अधिकार हस्तान्तरण प्रभावकारी हुन नसक्दा विकास निर्माणमा ढिलाइ भएको बताउनुभयो। उहाँले कर्मचारी व्यवथापनमा समेत कठिनाइ भएको र कर्मचारी पठाए पनि प्रदेश र स्थानीय तहमा लामो समय नबस्ने गरेको पाइएको विषय उठाउनुभयो।

जनता समाजवादी पार्टी नेपालका सांसद मोहम्मद खालिदले सङ्घीयता कार्यान्वयनका विषयमा सरकारले ध्यान नदिएको भन्दै प्रदेश र स्थानीय तहले आसन पाए पनि शासन नपाएको गुनासो गर्नुभयो। उहाँले बजेट विनियोजन गर्दा पनि सङ्घकै अधिकार बढी राखिएको प्रदेश र स्थानीय तहले माग्नुपर्ने अवस्था हुनु दुःखद् भएको बताउनुभयो।

नेपाली कांग्रेसका सांसद विष्णुकुमारी सापकोटाले लुम्बिनी प्रदेश सरकारले चार तरिकाले स्थानीय तहलाई अधिकार हस्तान्तरण गरेको भन्दै स्थानीय तहलाई केन्द्र सरकारले बजेट कटौती गरेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो।

नेपाल कम्युनिष्ट पार्टीका सांसद सुरेशकुमार आलेमगरले गण्डकी प्रदेशका लागि आवश्यक पर्ने जरुरी कानुन पनि नबनेको हुनाले काम कारबाहीमा कठिनाइ हुनुका साथै कर्मचारीको कमीका कारण काम गर्नसमेत समस्या परेको सुनाउनुभयो।

नेकपा (एमाले) सम्झना देवकोटाले सङ्घीयता शक्तिको विकेन्द्रीकरण गर्ने निकाय भए पनि तर सङ्घीयताको प्रभावकारी कार्यान्वयन हुन नसकेको बताउनुभयो।

सङ्घीयता धेरै खचिलो हुने भनिए पनि उहाँले सङ्घले भन्दा प्रदेश र स्थानीय तहले कम खर्च गरेको तथ्याङ्कहरूले देखाएको बताउनुभयो।रासस

# अव्यवस्थित बसोबासी र सुकुमवासीलाइ सेतो पूर्जा दिने



महोत्तरी। बर्दिवास नगर क्षेत्रका १० हजार २९८ जना अव्यवस्थित बसोबासी र सुकुमवासीले पहिलोपल्ट सेतो पुर्जा (घरजग्गाको निस्सा) पाउने भएका छन्।

बर्दिवास नगरपालिकाका १४ वटा वडामा वर्षौंदेखि ऐलानी, पर्ति र सरकारी जग्गामा घर बनाएर बसेका अव्यवस्थित बसोबासी र सुकुमवासीलाई बसोबास र जग्गाको भोगाधिकार प्रमाणित गर्दै सेतो पुर्जा दिने व्यवस्था अन्तिम चरणमा पुगेको छ । नगरपालिकाले भोग प्रमाणका आधारमा सेतो निस्सा प्रदान गरेपनि जग्गाको स्थायी निस्सा (लालपुर्जा) प्रदानको अधिकार भने सङ्घीय निकायअन्तर्गत नै रहने कानुनी व्यवस्था छ । आगामी आर्थिक वर्षभित्रै अव्यवस्थित बसोबासी र सुकुमवासीलाई जग्गा र सेतो पुर्जा उपलब्ध गराउने बर्दिवास नगरपालिकाका नगरप्रमुख प्रल्हादकुमार क्षेत्रीले जानकारी दिनुभयो । बर्दिवास नगरक्षेत्रका १४ वटै वडामा अव्यवस्थित बसोबासी र सुकुमवासीको बसोबास छ । जिल्लाका १५ स्थानीयमध्ये सबैभन्दा बढी बर्दिवास नगरपालिकाको १४ नं वडामा ६० भन्दा बढी सुकुमवासी बस्ती छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा नेपालको संविधान अनुसूची-८ ले स्थानीय तहलाई भूमि व्यवस्थापनसम्बन्धी प्रदान गरेको अधिकार क्षेत्रमा रही नगरपालिकाले सेतो निस्सा वितरण गर्ने प्रक्रिया सुरु गर्ने भएको हो । रासस

# विद्यार्थीसँग क्षयरोग अभिमुखिकरण

**टुडे समाचारदाता**



जनकपुरधाम । क्षयरोगनियन्त्रणरनिवारणसम्बन्धी जनचेतना विस्तार गर्ने उद्देश्यले जनकपुरधाममा विद्यालयस्तरका विद्यार्थीलाई लक्षित गर्दै अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको छ।

नेपाल क्षयरोग निवारण संस्था (नाटा) धनुषा शाखाको पहलमा शुक्रबार जनकपुरधाम उपमहानगरपालिका-११ मा रहेको अरनिको सेकेन्ड्री बोर्डिङ्ग स्कूलमा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा विद्यालयका विद्यार्थी तथा जुनियर नाटा इकाइ समितिका पदाधिकारीहरूको सहभागिता रहेको थियो।

नाटा धनुषा शाखाका जिल्ला सभापति सन्तकुमार कार्कीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जनकपुरधाम-१० स्थित आधारभूत जनस्वास्थ्य केन्द्रकी अधिकृत अर्चना पाठकले क्षयरोगका विभिन्न पक्षबारे प्रशिक्षण दिएकी थिइन् । उनले रोग लाग्ने कारण, देखिने प्रमुख लक्षण, परीक्षण प्रक्रिया तथा सरकारले उपलब्ध गराउँदै आएको निःशुल्क उपचार सेवाका बारेमा सहभागीलाई जानकारी गराएकी थिइन्।

कार्यक्रमलाई सम्बोधन गर्दै सभापति कार्कीले क्षयरोग अझै पनि नेपालको प्रमुख जनस्वास्थ्य चुनौतीमध्ये एकका रूपमा रहेको उल्लेख गरे। उनले रोग नियन्त्रणका लागि सरकारी र गैरसरकारी निकायबीच प्रभावकारी सहकार्य आवश्यक रहेको धारणा व्यक्त गरे।

उनका अनुसार नाटा धनुषा शाखाले विद्यालय, समुदाय तथा विभिन्न समूहसम्म पुगेर क्षयरोगसम्बन्धी सचेतना अभिवृद्धि गर्ने अभियानलाई प्राथमिकताका साथ अघि बढाइरहेको छ । समाजलाई क्षयरोगमुक्त बनाउन युवा पुस्ताको भूमिका महत्वपूर्ण रहने उल्लेख गर्दै उनले विद्यार्थीहरूलाई प्रशिक्षणबाट प्राप्त ज्ञान आफ्नो समुदायसम्म पुऱ्याउन आग्रह गरे।

कार्यक्रममा संस्थाका केन्द्रीय सदस्य एवं धनुषा शाखा सदस्य श्रवणकुमार साह, पूर्वकेन्द्रीय सदस्य दिनेश शर्मा, अरनिको विद्यालयका प्रिन्सिपल दीपेन्द्रकुमार झा तथा शिक्षक जितेन्द्र यादवलगायतको उपस्थिति रहेको थियो।

नेपाल क्षयरोग निवारण संस्था धनुषा शाखाले विद्यालयस्तरबाटै स्वास्थ्य सचेतना विस्तार गर्ने उद्देश्यले जुनियर नाटा गठन तथा अभिमुखीकरण कार्यक्रमलाई निरन्तरता दिँदै आएको हो।

# कार्यालय प्रमुख फेरिँदा योजना प्रभावित

**टुडे समाचारदाता**

बारा । मधेस प्रदेश सरकार अन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालय मातहतको पूर्वाधार विकास कार्यालय बारामा पटक पटक कार्यालय प्रमुख फेरिएका कारण विकास निर्माणको अधिकांश कार्य प्रभावित भएका छ्न्।

श्रोतका अनुसार चालु आर्थिक वर्षको ११ महिनाको अवधिमा ६ जना कार्यालय प्रमुख फेरिएका छन् । कार्यालय प्रमुख टिक्न नपाउदा विकास निर्माणका अधिकांश योजना प्रभावित भएका छन् । चालु आर्थिक वर्षमा पटक-पटक कार्यालय प्रमुख परिवर्तन हुँदा महत्वपूर्ण निर्णयहरू हुन नसकेको र अधिकांश योजना अलपत्र परेको कार्यालय स्रोतले जनाएको छ।

कार्यालयको विवरण अनुसार चालु आर्थिक वर्षको असोज ९ गतेसम्म रिम्पु कुमारी यादवले चार महिना निमित्त प्रमुखको जिम्मेवारी सम्हालेको थियो । त्यसपछि संजयकुमार यादवले २१ दिन, ओमकुमार साहले करिब ६ महिना अर्थात् चैत १० गतेसम्म कार्यालय प्रमुखको जिम्मेवारी सम्हालेका छन्।

ओमकुमार साहपछि राजेन्द्रकुमार साहले २० दिन, हेमन्त गाँईले करिब एक महिना र हाल पुनः जेठ २५ गतेदेखि ओमकुमार साहले कार्यालय प्रमुखको जिम्मेवारी सम्हालेको हो । जिल्लाका १६ स्थानीय तहका लागि चालु आर्थिक वर्षमा १ अर्ब ३८ करोड ९ लाख रुपैयाँ बराबरका ३७८ वटा योजना स्वीकृत भएका थिए। तर बहुवर्षीय योजना र केही सीमित योजनाबाहेक अधिकांश योजना कार्यान्वयन हुन नसकेको जनाइएको छ।




प्रदेश निजामती सेवा ऐनमा कार्यालय प्रमुखको न्यूनतम कार्यकाल दुई वर्ष रहने व्यवस्था भए पनि उक्त कार्यालयमा कर्मचारी टिक्न नसक्ने समस्या देखिएको छ। जिम्मेवारी पाएका कर्मचारीसमेत नियमित रूपमा कार्यालयमा नबस्ने अवस्था रहेको बताइएको छ।

मदन भण्डारी आवास निर्माण तथा निधि निवास कार्यक्रमअन्तर्गत १४ करोड रुपैयाँ हिनामिनाको आरोप लागेका निमित्त कार्यालय प्रमुख राजेन्द्रकुमार साह सम्पर्कविहीन भएपछि वैशाख २२ गते हेमन्त गाँईले कार्यालय प्रमुखको जिम्मेवारी सम्हालेको थियो । तर सुरक्षा चुनौती देखाउँदै उनी पनि मन्त्रालय फर्किएको बुझिएको छ।

कार्यालय स्रोतका अनुसार प्रदेशसभा सदस्यका आसेपासे तथा कार्यकर्ताले एउटै योजनामा एकभन्दा बढी उपभोक्ता समिति गठन गर्ने, छुट्टाछुट्टै समूह बनाएर कार्यालयमा दबाब दिने तथा कर्मचारीलाई धम्कीसमेत दिने गरेका छन् । हालका कार्यालय प्रमुख ओमकुमार साहले पनि प्रदेशसभा सदस्यहरूबाट सुरक्षा चुनौती महसुस भएकाले कार्यालय सञ्चालनमा कठिनाइ भएको बताएका छन् । कर्मचारी सुरक्षाका लागि स्थानीय प्रशासनले कार्यालयमा दुई जना प्रहरीसमेत खटाएको छ।


## भूमि सुधार तथा मालपोत कार्यालय गौर, रौतहट

## मोहियानी हक दावी सम्बन्धी ३५ दिने सूचना

तपसिलको जग्गाको मोही मरुवा भएकाले मोही लगत कट्टा गरी पाउँ भनी ज.ध. तर्फबाट निवेदन पर्न आएकोले कार्यवाही क्रममा ३५ दिने सूचना जारी गरिएको छ। तपसिलका मोही वा हकवाला कोही भई मोही लगत कट्टा हुनु नपर्ने भए सो सूचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण साथ लिखित हक दावी गर्न आउनु होला वा रीतपूर्वक वारेस कानून व्यवसायी पठाउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ।

**तपसील**

| ज.ध.को नाम | जिल्ला | गा.पा./न.पा. | वडा नं. | कि. नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| कवलेश्वर पण्डित | रौतहट | धर्मपुर | ४ | ३११ | ०-१-४ |

मोहीः- जोखन पण्डित कुम्हार उपरोक्तानुसारको जग्गाको मोही जोखन पण्डित कुम्हार भइ निज र निजका पत्नी समेतको मृत्यू भईसकेकोले निजको हकवाला छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री समेत कोही नरहेको र उक्त जग्गा म ज.ध. कै जोत भोगमा रहेकोले सो जग्गाको मोही मरुवा भएकोले मरुवा मोही लगत कट्टा गरि पाउँ भनि माँग गरेकाले मोहीको हकदावी सम्बन्धि यो सूचना प्रकाशित गरिएको छ। मोही लगत कट्टा नगर्नु पर्ने कुनै प्रमाण भए सो प्रमाण सहित वाटो म्याद बाहेक ३५ दिन भित्र सम्ममा यस कार्यालयमा उजुर गर्न उपस्थित हुन आउनु होला। अन्यथा नियमानुसार मोही लगत कट्टा भइ जानेछ। पछि कुनै उजुर लाग्ने छैन।



## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि.को २१ दिने सूचना

सूचना प्रकाशन मितिः २०८३/०३/०६

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हाल सम्मकर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिमको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउँदछौं। साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने ब्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ

**सम्बन्धित कार्यालयको नाम : बरहथवा शाखा, सर्लाही**

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | बाजेको नाम/ससुराको नाम | ग्राहकको पिता/पतिको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८३/०२ मशान्त सम्मको व्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | विजय कुमार यादव | बसबरिया ०२, मानुपुर, सर्लाही | राजदेव राय | दिप नारायण यादव | घरायसी कर्जा | ९,९०,०००/- | ४२,०००/- | १०,३२,०००/- |
| २ | अनिता कुमारी महतो | बसबरिया ०८, मुर्तिया, सर्लाही | भागवत महतो | मानेस्वर महतो | सरल कृषि कर्जा | १०,००,०००/- | ३०,०००/- | १०,३०,०००/- |
| ३ | नन्द कुमारी दाहाल | बागमती ०७, राजघाट, सर्लाही | दिल बहादुर थापा | कल्याण थापा | पशुपालन कर्जा | २,००,०००/- | ६,३००/- | २,०६,३००/- |
| ४ | सर्प नारायण राय | बसबरिया ०२, मानुपुर, सर्लाही | | राम अवतार राय | घरायसी कर्जा | ९,७५,०००/- | ३३,०००/- | १०,०८,०००/- |
| ५ | बीर किसुन महरा | चोटौल ०५, बैरिया, सर्लाही | सताहू महरा | चनु महरा | पशुपालन कर्जा | ४,५०,०००/- | १३,०००/- | ४,६३,०००/- |
| ६ | शंकर सरस्वति बोर्डिंग स्कुल (प्रो. धनिपट महतो) | बरहथवा ०३, सु.चु-०३, सर्लाही | सेवक महतो | शंकर महतो कोइरी | सेवा कर्जा | २४,००,०००/- | ८४,०००/- | २४,८४,०००/- |
| ७ | लक्ष्मी पोल्ट्री फर्म (प्रो. राम सिंघासन साह | बरहथवा ०७, सर्लाही | जगनाथ साह | राम एकवाल साह | युवा कृषि कर्जा | २,८९०,०००/- | ७६,०००/- | २९,६६,०००/- |

कृषि विकास बैंक लि.
प्रदेश कार्यालय बीरगंज



## भूमि प्रशासन कार्यालय जनकपुरधाम धनुषा

## हक दावि सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

निवेदक जिल्ला धनुषा मिथिला नगरपालिका वडा नं. २ मा बस्ने चन्देश्वर ठाकुर हजामको बुहारी गंगाराम ठाकुरको पत्नी राम रतन ठाकुर हजामको नातिनी संगीता कुमारी ठाकुरले मेरो बाजे राम रतन ठाकुर हजामको नाउँमा दर्ता कायम रहेको जिल्ला धनुषा गा.वि.स.यज्ञभुमि वडा नं.५ख कि.नं.१३८६ क्षेत्रफल ०-१-४-० र ऐ.ऐ.कि.नं.१३८८ क्षेत्रफल ०-२-१६-० जग्गा रहेकोमा निजको मिति २०५४/१/१० मा मृत्यु भई निजको हकभोग खाने पत्नी लखिया देवीको मिति २०४३/२/१५ मा मृत्यु भई निज मृतकहरुको हकभोग अपुताली खाने हकदार एकमात्र छोरा शम्भु ठाकुर मात्र भएको निजको पनि मिति २०७८/९/२५ मा मृत्यु भई निजको हकभोग खाने पत्नी राजवती देवी ठाकुरको पनि मिति २०५८/६/९ मा मृत्यु भई निज मृतकहरुको हकभोग अपुताली खाने हकदारमा छोरा सन्तान नभई दुई छोरीहरु जेठी छोरी संगीता कुमारी ठाकुर र कान्छी छोरी निरसी कुमारी ठाकुर भएकोमा निरसी कुमारी ठाकुरको मन्जुरीले उक्त जग्गा म निवेदिका संगीता कुमारी ठाकुरको नाउँमा एकलौटी नामसारी गरि पाउँ भनी द.नं.२७४६९ मिति २०८३/०२/२९ को निवेदन माग दावी भएकोले यसमा निवेदकको माग दावी अनुसारको एकलौटी नामसारी गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध गराउँदा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने भए वा सरकारी, सार्वजनिक जग्गाको हानी नोक्सानी हुने भए वा यी निवेदकहरु बाहेक अन्य कोही व्यक्तिको जग्गा भएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफु संग भएको सबुत प्रमाण लिई तपसिलमा उल्लेख भएको जग्गाको दावि उजुरी गर्न यस कार्यालयमा आउनु होला। सूचनाको म्याद भित्र दाबी उजुरी नपरी म्याद समाप्त भएमा कानुन बमोजिम भई जाने व्यहोरा यसै सूचनाबाट सबैमा सुचित गरिएको छ।

**तपसिल**

| जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| धनुषा | यज्ञभुमि | ५ख | १३८६ | ०-१-४ |
| | | | १३८८ | ०-२-१६ |

# डाइभर्सन भासिँदा आवतजावत ठप्प

**टुडे समाचारदाता**

जनकपुरधाम । सिरहा र धनुषा जिल्ला आवात जावत गर्न हुलाकी राजमार्ग अन्तर्गत कमला पुल नजिक निर्माण गरिएको अस्थायी डाइभर्सन भासिँदा आवागमन प्रभावित भएको छ । डाइभर्सनमा क्षति पुगेपछि स्थानीयवासी जोखिमपूर्ण रूपमा डुँगा प्रयोग गरेर नदी वारपार गर्न बाध्य भएका छन् ।



सिरहाको बसबिट्टा क्षेत्रतर्फ करिब एक करोड २५ लाख रुपैयाँको लागतमा निर्माण गरिएको तारजाली र माटोयुक्त अस्थायी डाइभर्सन केही महिनाअघि मात्रै सञ्चालनमा आएको थियो । तर, बिहीबार राति परेको वर्षापछि संरचनाको ठूलो भाग भासिएसँगै चारपाङ्गे सवारी साधनको आवागमन पूर्ण रूपमा बन्द भएको छ ।

माटो कटान निरन्तर भइरहेकाले बाँकी संरचना पनि जोखिममा रहेको उनले बताए । हाल केही मोटरसाइकल चालकले जोखिम मोलेर आवतजावत गरिरहेका भए पनि अधिकांश यात्रु डुंगाको भर पर्न बाध्य भएका छन् ।

जिल्ला प्रशासन कार्यालय सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले कमला नदीमा पानीको बहाव बढेपछि डाइभर्सनमा क्षति पुगेको जानकारी प्राप्त भएको बताए । उनका अनुसार विगत दुई सातादेखि आवागमन प्रभावित रहेको छ भने नागरिकहरू वैकल्पिक रूपमा डुङ्गा प्रयोग गरिरहेका छन् । जोखिमपूर्ण यात्रा नगरी सुरक्षित र वैकल्पिक मार्ग प्रयोग गर्न उनले आग्रह गरेका छन् ।

हाल सिरहा नगरपालिका-५ स्थित बसबिट्टा घाटबाट डुंगामार्फत यात्रु ओसार पसार भइरहेको छ । सिरहा नगरपालिका-६ का वडाध्यक्ष इन्द्रजित यादवका अनुसार नदी पार गर्न प्रत्येक यात्रुले १५० रुपैयाँ शुल्क तिर्नुपर्ने अवस्था रहेको छ ।

यता, कमला नदीमाथि निर्माणाधीन पुलको काम भने लामो समयदेखि अलपत्र छ । हुलाकी राजमार्गअन्तर्गत पर्ने उक्त पुल निर्माणका लागि २०६८ सालमा पप्पु-लुम्बिनी जेभीसँग ठेक्का सम्झौता गरिएको थियो । २०७१ मै सम्पन्न हुनुपर्ने आयोजना विभिन्न कारणले समयमै पूरा हुन नसकेको हो । २०७८ सालको बाढीले पुलका केही संरचनामा क्षति पुर्याएपछि निर्माण कार्य थप प्रभावित भएको थियो । हालसम्म आयोजनाको म्याद सात पटक थप भइसकेको छ भने पुनः म्याद थप्ने प्रक्रिया जारी रहेको जनाइएको छ । निर्माण कम्पनीले हालसम्म २० करोड रुपैयाँभन्दा बढी भुक्तानी प्राप्त गरिसकेको भए पनि पुल अझै सञ्चालनमा आउन सकेको छैन ।

स्थानीयवासीहरूले वर्षेनी दोहोरिने सास्ती अन्त्य गर्न निर्माणाधीन पुलको काम शीघ्र सम्पन्न गर्न सम्बन्धित निकायसँग माग गरेका छन् । उनीहरूका अनुसार पुल निर्माणमा भएको ढिलाइका कारण हरेक वर्ष वर्षायाममा आवतजावत, व्यापार र दैनिक जनजीवन प्रभावित हुँदै आएको छ ।

# स्वस्थ्यतता लागि योग आवश्यक : मुख्यमन्त्री यादव

**टुडे समाचारदाता**

जनकपुरधाम । स्वस्थ र निरोगी जीवनका लागि योगलाई दैनिक जीवनको अभिन्न अंग बनाउनुपर्नेमा मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले जोड दिएका छन् ।



अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा शुक्रबार बिहान जनकपुरधामस्थित जानकी मन्दिर परिसरमा आयोजित योगाभ्यास कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले शारीरिक तथा मानसिक स्वास्थ्य सुदृढ बनाउन नियमित योग आवश्यक रहेको भने ।

उनले व्यस्त जीवनशैलीका बीच पनि प्रत्येक व्यक्तिले दैनिक कम्तीमा एक घण्टा योगका लागि समय छुट्याउनुपर्नेमा जोड दिए । मुख्यमन्त्री यादवले योगले शरीरलाई मात्र स्वस्थ राख्ने नभई सोच, व्यवहार र जीवनशैलीमा समेत सकारात्मक परिवर्तन ल्याउने दाबी गरे ।

कार्यक्रममा मधेश प्रदेशसभाका सभामुख रामअशिष यादवले योगको महत्वबारे चर्चा गर्दै स्वस्थ समाज निर्माणका लागि योग संस्कृतिलाई समुदायस्तरसम्म विस्तार गर्नुपर्ने धारणा राखे । उनले योग शिक्षालाई विद्यालय तथा स्थानीय तहमार्फत जनस्तरसम्म पुर्‍याउन आवश्यक रहेकोमा जोड दिए ।

प स ा ँ ि स् थ त भारतीय महावाणिज्य दूतावास र पतञ्जली योग समिति मधेश प्रदेश समितिको संयुक्त आयोजनामा सम्पन्न कार्यक्रममा प्रदेश सरकारका मन्त्रीहरू, प्रदेशसभा सदस्यहरू, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साह, विभिन्न संघसंस्थाका प्रतिनिधि तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो ।

अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा आयोजित सामूहिक योगाभ्यासमार्फत योगप्रति जनचेतना अभिवृद्धि गर्दै स्वस्थ जीवनशैली अपनाउन प्रेरित गर्ने उद्देश्य राखिएको आयोजकले बताएका छन् ।

### श्रोत नखुलेको रकमसहित दुईजना पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । प्रहरीले सर्लाहीको मलंगवा नगरपालिका-१० स्थित झिम पुल नजिकबाट स्रोत नखुलेको ३२ लाख रुपैयाँसहित दुई युवकलाई पक्राउ गरेका छन् ।

पक्राउ पर्नेमा रामनगर गाउँपालिका-३ का २८ वर्षीय गुड्डु कुमार यादव र २४ वर्षीय रुपेश कुमार यादव रहेका छन् । तिनीहरू भारतबाट म.प्र. ०५-००१ प ११०६ नम्बरको मोटरसाइकलमा नेपालतर्फ आउँदै गरेका थिए ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट खटिएको प्रहरी टोलीले नियमित चेकजाँचका क्रममा मोटरसाइकल रोकी खानतलासी गर्दा उनीहरूको साथबाट उक्त रकम बरामद गरेको हो ।

प्रहरीका अनुसार बरामद रकममध्ये एक हजार दरका दुई हजार पाँच सय थान, पाँच सय दरका एक हजार तीन सय थान र एक सय दरका पाँच सय थान नोटसहित ३२ लाख रुपैया रहेको छ ।

प्रहरीले रकम, मोटरसाइकल तथा दुवै व्यक्तिलाई नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय सर्लाहीमा राखी थप अनुसन्धान अघि बढाएको जनाएको छ ।

# धुवासंगै उडाउँदै छन भविष्य र जीवन

ब्लग :



श्यामसुन्दर शशि

बितेको असार ४ गते बिहीबार अपरान्ह १.२४ वजे म आफ्नो फेसबुक सञ्जालमा एउटा अनुहार नदेखिएका बाबुको फोटो सार्वजनिक गर्दै लेखेको थिएँ- 'हेलो…तीनै तहका सरकार….. ! धुँवाले अनुहार ढाकेका बालक हाम्रै हुन्…..गलि गलिमा हजारौं यस्ता बालकहरु धुँवा उडाएर खरानी बन्दै छन् । हजुर हरुका बालबालिका देश विदेशका ठूलठूला विद्यालयमा होलान् । यस्ता बालकहरु आँपका बगैंचा, पोखरीका डिल अनि गलि चौपालमा बसेर यसैगरि धुँवा उडाउँदै छन् । संघीय बजेट हेरे,प्रदेशको बजेट हेरे …..यी र यस्ता बाबु नानीका लागि खासै केही छैन । श्रीमान् सडक सुनकै बनाउनु भयो भन्ने चल्ने/ चलाउने होसमा भएन भने दुर्घटना अवसम्भावी छ । यी बाबु नानीहरुको पढ्ने अनि बाँच्ने अधिकार सुनिश्चित गर्नुहोस् । लागुपदार्थको आवागमन बन्द गराउनु होस् । किसानले ल्याएको फर्सीको बीउ र रासायनिक मल समात्न सक्ने जाँवाज सुरक्षाकर्मीहरु लागुपदार्थ किन समात्न सकिरहेका छैनन् ?

नोट :तस्बीर सामाजिक सञ्जाफबाट लिएको छु । अनुहार न देखिएकाले पोष्ट गर्ने साहस गरेको छु । धन्यवाद

मैले सार्वजनिक गरेको माथिको पोष्ट २४ घन्टाभित्र ५ हजार जनाले देखिसकेका थिए । १९ जनाले लाइक गरेका थिए, ६ जनाले शेयर तथा ३ जनाले कमेन्ट पनि गरेका थिए । मैले लेखेको सानो कन्टेन्टको ५ हजार भ्यूज हुनु भनेको किशोर र युवाहरु लागुपदार्थको फन्दामा पर्नु ठूलो समस्या हो भने देखाउँछ । शेयर हेर्दा समस्या हो भन्ने देखाउँछ, तर कमेन्ट हेर्दा समस्या भए पनि हामीलाई के मतलब ? मेरा छोराछोरी त ठिकठाक छन् भन्ने सन्देश दिन्छ ।

दुई साता अघि, आसमान नेपालको बालबालिका लक्षित एउटा कार्यक्रममा सहभागी हुन विदेह नगरपालिकास्थित तिनकौरिया गएको थिएँ । तिनकौरिया बाजारमा विदेह नपा- ५ का वडाध्यक्ष तथा त्यहाँका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राधेकृष्ण गोइत यादवसंग भेट भएको थियो । मैले उहाँसंग सोधेको थिएँ- 'आसमान नेपालसंग तपाईको के अपेक्षा छ ??' उहाँको जवाफ थियो- 'आसमान नेपालले विद्यालयहरुको भौतिक संरचना तथा शिक्षाको गुणस्तर उकास्न धेरै सहयोग गरेको छ । अब लागुपदार्थको दुर्व्यसनमा फस्न थालेका बालबालिकाका लागि केही गर्नु पर्दछ ।'

विदेह, जनकनन्दनी, सबैला, मिथिला बिहारी मात्र होइन सिरहा र सप्तरीसम्मका अभिभावक तथा जनप्रतिनिधिहरुको आसमानसंग यही अपेक्षा थियो- ' बालबालिकाहरुलाई लागुपदार्थ दुर्व्यसनबाट जोगाउने खालका परियोजना ल्याउनु होस् ।' पालिकास्तरबाट यस विषयलाई प्राथमिकता नदिइएको गुनासो पनि उनिहरुको थियो ।

कक्षा ४ अर्थात् ९-१० वर्षको उमेर देखि नै केहि बालक लागुपदार्थ सेवन गर्न थाल्छन् । सामान्यतया सिगरेटबाट शुरु हुने यो मृत्यु यात्रा उमेरसंगै क्रमशः गाँजा, रक्सी, नारकोटिक औषधि तथा इन्जेक्शनसम्म पुग्छ । हुने खाने परिवारका वा लागू पदार्थ



अम्लीहरुले मोबाइल, पानीको मोटर, खसी बाख्रा, मोटरसायकल आदि चोरी गरेर कमाएको पैसाबाट कोही कोही हिरोइन, ब्राउन सुगर जस्ता लागु कडा र महँगा लागुपदार्थहरु पनि सेवन गर्न थाल्छन् । शहरी क्षेत्रमा फाटफुट देखिएका लागू पदार्थका अम्लीहरु अचेल ग्रामिण इलाकासम्म फैलिइसकेका छन् । चोरी, डकैती, लूट-पाट, मोटरसाइकल दुर्घटना, झैंझगडा, आत्म हत्या र हत्यासम्मका वारदात हुन थालेका छन् ।

२०८१ कार्तिक ९ गते बिहान ७ वजे जनकपुरधाम वडा नम्बर- २३ बसबिट्टी स्थित राधाकृष्ण मन्दिरदेखि वेला रोडतर्फ जाने सडक छेउको फेकन मुखियाको धान खेतमा जनकपुरधाम उपमहानगरपालिका २४ का फुलगेन महरा चमारका छोरा २४ वर्षीय रुपेश महराको शव फेला परेको थियो । एक दिनअघि दिवाली र छठ मान्न भारतबाट फर्केका रुपेशको हत्या उनका आफ्नै साथीले गरेका थिए । संगै मादक पदार्थसेवन गरेका तीन जनामध्ये दुई जनाले मोवाईलमा गीत सुन्ने विवादको कारण आफ्नै एकजना मिल्ने साथीलाई हत्या गर्नु पक्कै पनि सामाजिक चिन्ता र चासोको विषय थियो ।

लागुपदार्थका अम्लीहरु दिनानुदिन बढदै जानु, यसकारणले चोरी, डकैती तथा हत्या, आत्म हत्याजस्ता घटनाहरु घट्नु अनि समाज र तीनै तहका सरकार यस बिकराल समस्याप्रति उदासीन रहनु आफैमा चिन्ताको विषय हो । दुर्व्यशनमा फस्न लागेका वा फसि सकेकाहरुलाई रोक्न वा सही बाटोमा ल्याउन तीनै तहको सरकारको भूमिका अनिवार्य छ ।

मधेश प्रदेशको आर्थिक वर्ष २०८३-०८४ को बजेट सार्वजनिक गरेको छ । बजेटका ४ उद्देश्यमध्ये 'मानव विकास र सामाजिक न्याय' शीर्षकमा शिक्षा, स्वास्थ्य र पोषणको गुणस्तर सुधार गर्दै सीमान्तीकृत र विपन्न वर्गलाई सामाजिक न्यायसहितको राज्यको प्रतिफल सुनिश्चित गर्ने उल्लेख छ । यसका साथै 'अप्पन बच्चाके स्कूल पठाउ । साक्षरताके दीप जडाउ ।' जस्ता कर्णप्रिय नारा दिदै बिचमै विद्यालय छाड्ने (ड्रप आउट), दिवा खाजा, शिक्षक दरबन्दी, विपन्न र पिछडिएका वर्गका विद्यार्थीहरुलाई प्राविधिक शिक्षामा छात्रवृति लगायतका क्षेत्रमा २ अर्ब ९० करोड बजेट विनियोजन गरेको छ । बजेटले लागू पदार्थको दुर्व्यशनमा परेका हजारौं बालबालिकाको पढन पाउँने र बाँच्न पाउँने अधिकार बारे एक शब्द बोलेको छैन ।

सबैलाई थाहा छ, नारकोटिक औषधिहरु भारतबाट आपूर्ति हुन्छ र गाँजा र रक्सी नेपालबाट भारत जान्छ । वर्षौंदेखि यो क्रम चल्दै आएको छ । भारतीय सीमामा भारतीय अर्धसैनिक बल एस.एस.बी. तथा नेपालको सीमामा सशस्त्र प्रहरी बलसंगै जनपथ प्रहरी तैनाथ छन् । मलाई अचम्म लाग्छ- किसानले ल्याएको एक बोडा रासायणिक मल, फर्सीको विउ समात्न सक्ने हाम्रा सुरक्षाकर्मीहरु नेपालमा खुल्लम खुल्ला बिक्री हुने नारकोटिक औषधी र गाँजा किन पक्राउ गर्न सकि रहेका छैनन् ?

# वडाध्यक्ष र प्रअको विवादमा दिवा खाजा बन्द

**टुडे समाचारदाता**

बारा । बाराको जीतपुरसिमरा उपमहानगरपालिका-२४ स्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालय (नेरामावि) हरपुरमा दुई महिनादेखि दिवा खाजा कार्यक्रम ठप्प रहेको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्षसमेत रहेका वडाध्यक्ष र प्रधानाध्यापकबीचको विवादका कारण दिवा खाजा कार्यक्रम प्रभावित भएको हो । त्यसको प्रत्यक्ष असर सयौं विद्यार्थीको पढाइ र उपस्थितिमा परेको छ ।



विद्यालयमा वैशाख महिनादेखि दिवा खाजा वितरण बन्द भएपछि बालविकासदेखि कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरू नियमित रूपमा विद्यालय आउन छाडेका छन् । बिहान ६ बजेदेखि ११ बजेसम्म कक्षा सञ्चालन हुने विद्यालयमा खाजा नपाएपछि कतिपय विद्यार्थी मध्याह्नअघि नै घर फर्किने र पुनः कक्षामा नआउने गरेको शिक्षकहरू बताउँछन् ।

हाल विद्यालयमा ६३५ जना विद्यार्थी अध्ययनरत छन् । तीमध्ये बालविकासदेखि कक्षा ५ सम्मका ४०१ जना विद्यार्थीका लागि सरकारले प्रतिविद्यार्थी दैनिक २० रुपैयाँका दरले दिवा खाजा कार्यक्रम सञ्चालन गर्दै आएको छ । उपमहानगरपालिकाले यस वर्षको बजेटसमेत निकासा गरिसकेको भए पनि विद्यालयभित्रको विवादका कारण कार्यक्रम सञ्चालन हुन सकेको छैन ।

शिक्षिका निरु पुनका अनुसार खाजा कार्यक्रम बन्द भएपछि विद्यार्थीको उपस्थितिमा उल्लेख्य गिरावट आएको छ । गर्मीका कारण भोकै विद्यालय आउने केही विद्यार्थीलाई चक्कर लाग्ने र बेहोस हुने अवस्था समेत देखिएको उनले बताइन् ।

अर्का शिक्षक कृष्णकुमार दासले पनि दिवा खाजा बन्द भएपछि कक्षाकोठामा विद्यार्थी संख्या उल्लेखनीय रूपमा घटेको बताए । विशेष गरी विपन्न, दलित तथा मजदुर परिवारका बालबालिकालाई यसले बढी असर गरेको उनको भनाइ छ ।

प्रधानाध्यापक रामनरेश यादवले विद्यालयमा अनुकूल वातावरण नबनेका कारण खाजा कार्यक्रम सञ्चालन गर्न नसकिएको दाबी गरेका छन् । विद्यालय व्यवस्थापन समितिको बैठकमा पटक पटक जानकारी गराउँदा पनि वडाध्यक्षको सहयोग नपाएको उनको आरोप छ । वातावरण सहज बनेपछि तत्काल कार्यक्रम पुनः सञ्चालन गरिने उनले बताए ।

उता, वडा नं. २४ का वडाध्यक्ष तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुल्तान अन्सारीले भने खाजा कार्यक्रम रोक्नु प्रधानाध्यापकको नियोजित कदम भएको आरोप लगाएका छन् । आफूले पटक पटक खाजा वितरण गर्न आग्रह गर्दा पनि प्रधानाध्यापकले बेवास्ता गरेको उनको भनाई छ ।

विवाद चुलिँदै जाँदा विद्यालयको समग्र शैक्षिक अवस्था पनि प्रभावित भएको देखिएको छ । स्थलगत अवलोकनका क्रममा कतिपय विद्यार्थीले उपमहानगरपालिकाले वितरण गर्ने निःशुल्क पोशाकसमेत नपाएको गुनासो गरिएको छ । जीतपुर सिमरा उपमहानगर शिक्षा महाशाखाले भने वडाध्यक्ष र प्रधानाध्यापकबीचको टकरावका कारण विद्यालय समस्याग्रस्त बनेको निष्कर्ष निकाल्दै विद्यालयको नेतृत्व परिवर्तन गरेर समस्या समाधानतर्फ अघि बढेका छन् ।

# ब्राउन सुगरसहित दुईजना पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहट प्रहरीले जिल्लाको चन्द्रपुर नगरपालिका-६ डावरीटोलबाट प्रहरीले ब्राउन सुगरसहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ परेकाहरूको साथबाट प्रहरीले ५४ हजार रुपैयाँभन्दा बढी नगद समेत बरामद गरेको जनाइएको छ ।



इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरकी प्रमुख डीएसपी रुपा लाबुङलाई प्राप्त गोप्य सूचनाका आधारमा खटिएको प्रहरी टोलीले बिहीबार साँझ चेकजाँचका क्रममा चन्द्रपुर-६ निवासी २६ वर्षीय निराशकुमार सापकोटालाई नियन्त्रणमा लिएको थियो ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बसन्त गौतमका अनुसार सापकोटाको शरीर तथा उनले बोकेको पर्स खानतलासी गर्दा कालो प्लास्टिकमा प्याक गरिएको ०.०८० ग्राम ब्राउन सुगर फेला परेको थियो । साथै उनको साथबाट ३२ हजार २९० रुपैयाँ नगद समेत बरामद गरिएको प्रहरीले जनाएको छ ।

प्रहरीका ` प्रारम्भिक अनुसन्धानका क्रममा उक्त लागुऔषध सापकोटालाई बिक्री गरेको आशंकामा चन्द्रपुर-६ शान्तिनगर टोल निवासी ३० वर्षीय विकास न्यौपानेलाई पनि पक्राउ गरिएको छ । न्यौपानेको साथबाट २२ हजार ३९० रुपैयाँ नगद बरामद भएको प्रहरीले जनाएको छ ।

पक्राउ परेका दुवै जनाविरुद्ध लागुऔषध सम्बन्धी कसुरमा मुद्दा दर्ता गर्ने तयारी भइरहेको र उनीहरूलाई इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरको हिरासतमा राखी थप अनुसन्धान अघि बढाइएको डीएसपी गौतमले जानकारी दिएका छन् ।

# हुल हुज्जत आरोपमा तीन पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । सर्लाहीमा जग्गा विवादका क्रममा उत्पन्न तनावपछि प्रहरी कार्यालयमा हुलहुज्जत र सवारी साधनमा तोडफोड गरेको आरोपमा प्रहरीले तीन जनालाई नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार अदालतको आदेशअनुसार आफ्नो स्वामित्वमा रहेको जग्गा भोगचलन गर्न पुगेको पक्ष र स्थानीयबीच विवाद चर्किएपछि स्थिति नियन्त्रणमा लिन प्रहरी परिचालन गरिएको थियो । सोही क्रममा प्रहरी कार्यालयमा हुलहुज्जत हुनुका साथै सवारी साधनमा क्षति पुऱ्याइएको आरोपमा तीन जनालाई पक्राउ गरिएको हो ।

घटनापछि सुरक्षा व्यवस्थापन तथा आवश्यक छलफलका लागि इलाका प्रहरी कार्यालय केशरगञ्जमा पुगेका बेला एक पक्षले सवारी साधनमाथि तोडफोड गरेको प्रहरीले जनाएको छ। साथै, घटनामा संलग्न व्यक्तिहरूले प्रहरीमाथि ढुंगामुढासमेत गरेको र इलाका प्रहरी कार्यालयको मुख्य प्रवेशद्वारमा क्षति पुगेको प्रहरीको भनाइ छ ।

प्रहरीले घटनामा संलग्न रहेको आरोपमा बारा जिल्लाको जीतपुरसिमरा उपमहानगरपालिका-११ स्थायी घर भई हाल सर्लाहीको ईश्वरपुर नगरपालिका-१५ सुकनाहामा बसोबास गर्दै आएका ३२ वर्षीय विनोद कडेरिया, ६२ वर्षीय जयप्रसाद गौतम तथा उनका ३६ वर्षीय छोरा उज्ज्वल गौतमलाई पक्राउ गरेको छ। उक्त जानकारी जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता डिएसपी वेदप्रसाद गौतमले दिएका हुन् ।

प्रहरीका अनुसार विवादित जग्गासम्बन्धी मुद्दामा जिल्ला अदालत सर्लाहीले कालिका उप्रेतीको निर्विवाद हकभोग तथा स्वामित्व कायम रहेको ठहर गर्दै भोगचलनमा कुनै अवरोध नगर्न आदेश जारी गरेको थियो। अदालतको सो आदेश कार्यान्वयन गर्ने क्रममा दुई पक्षबीच विवाद बढ्दै गएर अवस्था तनावग्रस्त बनेको थियो ।

पक्राउ परेका तीनै जनाविरुद्ध आपराधिक उपद्रवसम्बन्धी कसुरमा मुद्दा दर्ता गरिएको छ। अदालतबाट म्याद थप अनुमति लिएर घटनाबारे थप अनुसन्धान भइरहेको डिएसपी गौतमले बताए। साथै, घटनामा संलग्न अन्य व्यक्तिहरूको पहिचान गरी खोजी तथा अनुसन्धान कार्य पनि निरन्तर जारी रहेको प्रहरीले जनाएको छ ।

लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं

- घर वरिवरि पानी जम्न नदिऔं,
- सुत्दाअनिवार्यरुपमाझुल/मच्छरदानीप्रयोगगरौं,
- लामखुट्टेबाटबच्नपुराशरीरढाकिनेकपडालगाऔं,
- घर तथा वातावरण सफा र स्वच्छ राखौं,
- झ्याल-ढोकामा जालीको प्रयोग गरौं,
- डेंगु, मलेरिया जस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- फोहोर व्यवस्थापनमा ध्यन दिई लामखुट्टे बढ्न नदिऔं,
- समुदायस्तरमासरसफाईअभियानसंचालनगरौं।

सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८